# प्याज आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया, २०७६

(कृषि विभागबाट स्वीकृत मितिः २०७६/०५/२५)

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

**राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र**

**किर्तिपुर, काठमाण्डौ**

२०७६

"प्याज आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया, २०७६"

प्रस्तावना: नेपालमा प्याज मसला तथा सलादको रुपमा प्रयोग हुने महत्वपूर्ण बाली हो । नेपालका विभिन्न भू-भागहरुमा प्याज खेती हुने गरेको छ । आ. व. २०७४/७५ मा नेपालमा १९,८२१ हेक्टर क्षेत्रफलमा १,४८,१३८ मे टन प्याज उत्पादन भएको र उत्पादकत्व १२.१ मे.टन प्रति हेक्टर रहेको थियो । नेपालमा प्याज विभिन्न मुलुकबाट आयात हुने गरेको छ । आ.व. २०७४/७५ मा करिब ४ अर्व ५३ करोड रुपैयाँ बरावरको ३,०८,९८४.६८ मे. टन प्याज आयात भएको छ । हालको उत्पादन र आयातको अवस्था हेर्दा नेपालमा प्याजको खपत १५.४६ केजी प्रति व्यक्ति प्रति वर्ष रहेको देखिन्छ र नेपाललाई आत्मनिर्भर हुन हालकै उत्पादकत्वका आधारमा कम्तीमा २५,९१० हेक्टर प्याज खेती क्षेत्रफल विस्तार गर्नुपर्ने देखिन्छ। कृषि उत्पादन र उत्पादकत्व बृद्धी गर्ने तथा व्यवसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने राष्ट्रिय कृषि नीति, २०६१ को उद्देश्य रहेको सन्दर्भ एवं नेपाल सरकारको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रमको वुदाँ नं. ७१ मा कृषिजन्य प्रमुख खाद्यवस्तुहरुको उत्पादनमा तीव्र वृद्धी गर्दै मुलुकलाई आत्मनिर्भर बनाउने तथा आ.व. २०७६/७७ को बजेट वक्तव्यको वुदाँ नं. ९४ मा आलु र प्याजको आन्तरिक उत्पादन बढाउने गरी विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख रहेको परिप्रेक्ष्यमा प्याजको गानो र वीउ उत्पादनमा समूह/सहकारी/फार्मलाई सहयोग गरी उत्पादन र उत्पादकत्व बृद्धी मार्फत आयात प्रतिस्थापनमा टेवा पुऱ्याउन बाञ्छनीय भएकोले राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्याज आत्मनिर्भर कार्यक्रम सञ्चालनका लागि कृषि विभागले "प्याज आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया, २०७६" स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यक्रम सञ्चालन प्रकृयाको नाम "प्याज आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया, २०७६" रहेको छ ।

(२) यो कार्यक्रम सञ्चालन प्रकृया कृषि विभागबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन प्रकृयामा;

(क) "कार्यक्रम" भन्नाले यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम सञ्चालन हुने प्याज गानो तथा वीउ उत्पादन कार्यक्रम सम्झनु पर्दछ ।

(ख) **"कार्यक्रम कार्यान्वयन समिति"** भन्नाले दफा ८ को उपदफा (६) बमोजिमको समिति सम्झनु पर्दछ ।

(ग) **"केन्द्र"** भन्नाले राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र सम्झनु पर्दछ ।

(घ) **"क्लस्टर"** भन्नाले प्याजको गानो उत्पादनको लागि २० हेक्टर र वीउ उत्पादनको लागि १० हेक्टरको जमीन सम्झनु पर्दछ । क्लस्टर वनाउँदा प्याज गानो उत्पादनको हकमा वढीमा ४ स्थानमा न्यूनतम ५ हेक्टर जमीन एकै स्थानमा भएको हुनुपर्नेछ भने प्याज वीउ उत्पादनको हकमा वढीमा २ स्थानमा न्यूनतम ५ हेक्टर जमीन एकै स्थानमा भएको हुनुपर्नेछ।

(ङ) **"नेपाल सरकारबाट स्वीकृत कार्यविधि"** भन्नाले कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

(च) **"कार्यक्रम सञ्चालन प्रकृया"** भन्नाले कृषि विभागबाट स्वीकृत **"प्याज आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया, २०७६"** सम्झनुपर्दछ।

(छ) **"फार्म केन्द्र"** भन्नाले कृषि विभाग मातहतका फार्म केन्द्र सम्झनु पर्दछ ।

(ज) **"वार्षिक स्वीकृत कार्यक्रम"** भन्नाले केन्द्र वा फार्म केन्द्रको आ.व. २०७६/७७ को वार्षिक स्विकृत कार्यक्रम सम्झनु पर्दछ ।

(झ) **"सिफारिस समिति"** भन्नाले दफा ८ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्दछ।

३. <u>उद्देश्यः</u> यस कार्यक्रम सञ्चालन प्रकृयाको उद्देश्यहरू देहाय बमोजिममा रहेका छन् :-

(क) प्याजको उत्पादन र उत्पादकत्व बढाई आयात प्रतिस्थापन गर्दै आत्मनिर्भरता तर्फ उन्मुख हुने ।

(ख) प्याजको गुणस्तरीय वीउको उत्पादन वृद्धी गर्ने ।

४. <u>अपेक्षित प्रतिफलः</u> यस कार्यक्रमको अपेक्षित प्रतिफलहरू देहाय बमोजिम रहेका छन्ः-

(क) आगामी ५ वर्षमा कार्यक्रम लागु भएका क्षेत्रमा करीब ५२०० हेक्टरमा प्याज गानो उत्पादन भई हालको औषत मूल्य अनुसार करीव १ अर्व २४ करोड ८० लाख रुपैया वरावरको ८३ हजार २ सय मे. टन प्याज उत्पादन हुने ।

(ख) आगामी ५ वर्षमा कार्यक्रम लागु भएका क्षेत्रमा करीव १९ करोड रुपैया वरावरको १९० मे. टन प्याज वीउ उत्पादन हुने ।

प्रसाद पौडेल
महानिर्देशक

५. <u>रणनीतिः</u> कृषक समूह वा सहकारी वा नीजी फार्महरु मार्फत कम्तीमा ५ हेक्टर सगोलमा जग्गा भएको स्थान छनौट गरिने साथै एउटा जिल्लामा नजिक रहेका स्थान समेटी क्लस्टरमा व्यवसायिक तथा उन्नत प्रविधी प्रयोग गरी प्याज गानो तथा वीउ उत्पादन गर्न आवश्यक उत्पादन सामग्रीहरु, प्रविधी, मेशीनरी उपकरणहरु, बजारीकरण आदीमा सहयोग गरिनेछ । कार्यक्रमलाई मुख्यतः निम्न दुई तवरले सञ्चालन गरिनेछः-

(१) प्याज गानो उत्पादन कार्यक्रमः मुख्यतः तराईका सम्भाव्य जिल्लामा प्याज गानो उत्पादनका लागि कृषक समूह, सहकारी तथा निजी फार्महरुलाई सहयोग गरिनेछ ।

(२) प्याज वीउ उत्पादन कार्यक्रमः मुख्यतः मध्य पहाडी जिल्लामा प्याज गानो उत्पादन गर्ने कृषकहरुलाई वीउ उत्पादनमा समेत संलग्न गराई क्लस्टरमा प्याज वीउ उत्पादन गर्न सहयोग गरिनेछ । प्रथम वर्ष गानो उत्पादन र दोश्रो वर्ष देखि गानो तथा वीउ उत्पादनको कार्यक्रम गरिनेछ ।

६. <u>कार्यक्रम लागु हुने क्षेत्र र समयावधिः</u> यो कार्यक्रम आ.व. २०७६/७७ देखि लागु भई कम्तीमा ५ वर्षको लागि संचालन गरिनेछ । प्रथम वर्ष प्याज गानो उत्पादन कार्यक्रम तराई क्षेत्रका चार जिल्लाहरु रुपन्देही, कपिलवस्तु, दाङ र बाँकेमा सञ्चालन गरिनेछ र प्याज गानो तथा वीउ उत्पादन कार्यक्रम मध्य पहाडका दुई जिल्लाहरु पाल्पा र रूकुममा सञ्चालन गरिनेछ । कार्यक्रमको प्रभावकारीता र संभाव्यता अनुसार आगामी वर्षहरुमा अन्य जिल्लाहरुमा आवश्यकतानुसार विस्तार गर्दै लगिनेछ ।

## परिच्छेद-२

## <u>कार्यक्रम संचालन सम्वन्धी</u>

७. <u>सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने:</u> (१) यस कार्यक्रमको कार्यान्यवनको लागि प्राप्त वार्षिक वजेट अनुसार केन्द्र वा फार्म केन्द्रले लक्षित समूह छलफल तथा विज्ञहरुसँग परामर्श गरी सम्भावित क्षेत्रका समूह, सहकारी वा फार्मबाट प्रस्ताव लिन ३० दिनको म्याद दिई राष्ट्रियस्तरको वा स्थानीय पत्रिकामा अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनाका आधारमा प्याज गानो तथा वीउ उत्पादन गर्न इच्छुक कृषक समूह, सहकारी वा फार्मले सूचनामा प्रकाशित भए वमोजिमका निकायमा अनुसूची-२ बमोजिमको आवेदन सहितको अनुसूची-३ बमोजिमको प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) प्रस्ताव पेश गर्नको लागी आवेदन दिन आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछः-

(क) कृषि सम्वन्धी कार्य गर्ने अभिप्रायले दर्ता, नविकरण तथा स्थायी लेखा नम्वर भएको हुनुपर्नेछ।

(ख) खेती गरिने जग्गाको जग्गाधनी प्रमाण-पुर्जाको सक्कल तथा छाँयाप्रति साथै करारमा लिएको जग्गाको हकमा कम्तीमा ५ वर्षको करारनामा हुनुपर्नेछ।

(ग) संरचना निर्माण कार्यको लागि समुह, सहकारी वा फार्मको नाममा जग्गा रहेको अवस्थामा प्राथमिकता दिइनेछ।

(घ) समूह, सहकारी वा फार्मको जग्गा नभएको अवस्थामा कुनै एक सदस्यले सम्पूर्ण सदस्यहरुलाई सेवा सुविधा दिने शर्तमा करारनामा गरी संरचना निर्माणको कार्यक्रम दिन सकिनेछ।

(ङ) मेशिनरी औजार संचालनको हकमा समूह, सहकारी वा फार्म मार्फत संयुक्त रुपमा संचालन गर्नुपर्नेछ वा एक सदस्यले सम्पूर्ण सदस्यहरुलाई सेवा सुविधा दिने शर्तमा करारनामा गरी कार्यक्रम सन्चालन गर्न सकिनेछ।

८. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिको गठन व्यवस्था:</u> (१) कार्यक्रम सञ्चालनका लागि केन्द्रबाट प्रस्ताव आह्वान भई केन्द्रमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट गर्नका लागि देहाय बमोजिमको सिफारिस समिति रहनेछ:-

| | |
|---|---|
| प्रमुख, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र | -संयोजक |
| प्रमुख, आर्थिक प्रशासन शाखा, रा.आ.त.म.बा.वि. केन्द्र | -संदस्य |
| प्रतिनिधि, वाणिज्य बैंक | -संदस्य |
| वरिष्ठ वागवानी विकास अधिकृत, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले अनुसूची-४ बमोजिमको मूल्याङ्कन मापदण्डको आधारमा मूल्याङ्कन गरी प्रस्ताव छनौट गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विज्ञ प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) प्राप्त प्रस्तावहरुको अध्ययन, स्थलगत अनुगमन, विज्ञहरुसँग परामर्श लगायतका कार्य गरी उपदफा (१) बमोजिमको सिफारिस समितिको काम कार्यवाहीमा सहयोग गर्न समितिले एक उप-समिति गठन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम गठन हुने उप-समितिको काम, कर्तब्य र अधिकार सिफारिस समितिले तोके बमोजिम हुनेछ ।

(६) कार्यक्रम सञ्चालनका लागि फार्म केन्द्रबाट प्रस्ताव आह्वान भई फार्म केन्द्रमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट गर्नका लागि देहाय बमोजिमको "कार्यक्रम कार्यान्वयन समिति" रहनेछ :-

| | |
|---|---|
| प्रमुख, फार्म केन्द्र | -संयोजक |
| प्रमुख, आर्थिक प्रशासन शाखा, फार्म केन्द्र | -सदस्य |
| अधिकृत प्रतिनिधि, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र | -सदस्य |
| प्रतिनिधि, वाणिज्य बैंक | -सदस्य |
| बागवानी विकास अधिकृत, फार्म केन्द्र | -सदस्य-सचिव |

(७) उपदफा (६) बमोजिमको समितिले आवश्यकता अनुरुप अन्य फार्म केन्द्र, कृषि अनुसन्धान केन्द्र, कृषि ज्ञान केन्द्र एव स्थानीय तहको कृषि प्राविधिकलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) उपदफा (६) बमोजिमको समितिले अनुसूची-४ बमोजिमको मूल्याङ्कन मापदण्डको आधारमा मूल्याङ्कन गरी प्रस्ताव छनौट गर्नेछ ।

९. <u>छनौट भएको प्रस्तावमा सम्झौता:</u> दफा ८ बमोजिम छनौट भएको प्रस्तावकसँग अनुसूची-५ बमोजिमको प्रतिवद्धता लिई अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ । सम्झौता गर्दा पेश भएको प्रस्तावमा आवश्यकता अनुसार दफा ८ उपदफा (१) अनुसार बनेको मूल्याङ्कन समिति वा उपदफा (६) अनुसार बनेको कार्यक्रम कार्यान्वयन समितिले हेरफेर गरी सम्झौता गर्न सक्नेछ ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालनका क्रियाकलापहरू

१०. सञ्चालन हुने क्रियाकलाप: (१) प्याज गानो उत्पादन कार्यक्रम अन्तर्गत अनुसूची-७ मा समावेश भएका देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ:-

(क) बीउ खरीदका लागि प्रति हेक्टर १० केजी का दरले अनुदान प्रदान गरिनेछ,

(ख) प्याज बिरूवा व्यवस्थित तवरले सजिलै र छिटो उत्पादन गर्न नर्सरीका लागि जाली सहितको प्लास्टिक घर निर्माणमा अनुदान प्रदान गरिनेछ । जसमा सिंचाइको लागि ट्याङ्क तथा पाइपको व्यवस्था समेत गरी जडान गर्नका लागि अनुदान प्रदान गरिनेछ।

(ग) यान्त्रिकरणको सहयोगले जग्गा तयारी, ड्याङ्ग बनाउने तथा मल्चिङ्ग गर्नका लागि पावर टिलर तथा अन्य एसेसरी खरीद गर्नका लागि अनुदान सहयोग गर्ने तथा कार्यक्रमको प्रभावकारीता सँगै क्लस्टर हेरी ठूला मेशिनरी उपकरणमा समेत सहयोग गर्न सकिनेछ।



सूर्य प्रसाद पौडेल
महानिर्देशक

(घ) प्याज खेतीमा आधुनिक पद्धति अवलम्बन गर्नका लागि प्लास्टिक मल्चिङ्गमा अनुदान प्रदान गरिनेछ।

(ङ) रासायनिक मल, विषादी, सुक्ष्मतत्व तथा हर्मोनको प्रयोग गर्नका लागि अनुदान प्रदान गरिनेछ ।

(च) सिंचाइ व्यवस्था गर्नका लागि वोरिङ्ग जडान गर्न अनुदान सहयोग गरिनेछ ।

(छ) व्यवसायिक उत्पादनलाई प्रोत्साहन गर्न बजारीकरणका लागि व्यागमा अनुदान सहयोग गरिनेछ ।

(ज) कार्यक्रमको अभिलेख राख्ने तथा प्रतिवेदन तयारी र पेश गर्ने कार्यले कार्यक्रमको सिकाइ भोगाइ भावी पुस्ताहरुमा समेत जाने र राष्ट्रिय तथ्याङ्कमा समेत सहयोग पुग्नुका साथै कृषकहरु व्यवसायिक हुन मद्दत पुग्ने हुनाले यस्ता कार्यमा प्रोत्साहन स्वरुप अनुदान सहयोग गरिनेछ ।

(२) प्याज वीउ उत्पादन कार्यक्रम अन्तर्गत अनुसूची-८ मा समावेश भएका देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ :-

(क) भण्डारणका लागि कम्तीमा १० मे.टन क्षमताको रस्टिक स्टोर वा उपयुक्त स्टोर निर्माण गर्न अनुदान प्रदान गरिनेछ ।

(ख) प्याजलाई स्टेकिङ्ग गर्नका लागि प्रोत्साहन गर्ने उद्देश्यका लागि अनुदान प्रदान गरिनेछ ।

(ग) बीउमा गुणस्तर नियन्त्रण गर्न वीउ प्रमाणीकरणका लागि वढीमा अनुदान प्रदान गरिनेछ ।

(घ) बीउ प्रशोधन गर्नका लागि छाना सहितको थ्रेसिङ्ग फ्लोर निर्माणका लागि अनुदान प्रदान गरिनेछ ।

(ङ) बीउ प्याकिङ्ग तथा लेवलिङ्गका लागि अनुदान प्रदान गरिनेछ ।

(३) उपदफा (१) र (२) मा अनुदान सम्वन्धी जुनसुकै व्यहोरा लेखिएता पनि प्याज गानो तथा वीउ उत्पादन कार्यक्रम अन्तर्गत कृषक आफैले खर्च गर्ने क्रियाकलापहरु समेत रहने हुँदा स्वीकृत बजेट परिधि भित्र रहि प्रचलित कानुन बमोजिम अनुदान प्रवाह गराइनेछ ।

(४) प्याज सम्वन्धी प्रविधी परिक्षण तथा अध्ययन अनुसन्धान कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ :-

(क) प्याज सम्वन्धी बहु वर्षीय प्रविधी परीक्षण तथा अध्ययन अनुसन्धान गर्नका लागि कृषि अध्यापन हुने विश्व विद्यालयसँग सम्झौता गरिनेछ ।

(ख) प्रविधी परीक्षण तथा अध्ययन अनुसन्धानको विषय कृषकको समस्या तथा नयाँ प्रविधि प्रचार प्रसार तथा जातीय विकाससँग सम्वन्धित विषयमा राष्ट्रिय आलु, तरकारी तथा मसलावाली विकास केन्द्रले तय गर्नेछ ।

(ग) एम्. एस्. सी. थेसीस गर्ने विधार्थीहरुसँग सम्वन्धित विषयमा प्रस्ताव आह्वान गरी उत्कृष्ट प्रस्ताव छनौट गरी प्रविधी परीक्षण तथा अध्ययन अनुसन्धान कार्य गराईनेछ ।

(घ) एक वर्षमा प्रस्तावको आधारमा र रकम विनियोजनको आधारमा कम्तीमा २ प्रस्ताव छानिनेछ ।

(ङ) प्रविधी परिक्षण तथा अध्ययन अनुसन्धानलाई वहु वर्षीय वनाउनका लागि त्यसै विषय वा जोडिएको विषयमा अर्को वर्षको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

(५) प्याज आत्मनिर्भर कार्यक्रमका लागि एक जिल्लामा कार्यक्रम हेर्ने गरी एक प्राविधिक सेवा करारमा राखिनेछ । प्राविधिकको न्यूनतम योग्यता कृषि विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने प्राविधिकको काम, कर्तव्य तथा अधिकार निम्न वमोजिम हुनेछ :-

(क) सम्वन्धित जिल्लामा सूचना प्रवाह, लक्षित समूह छलफल तथा विज्ञसङ्ग परामर्श गर्ने तथा वातावरण वनाउने,

(ख) प्रस्ताव तयार गर्न सहयोग गर्ने,

(ग) सम्वन्धित जिल्लामा प्रस्ताव जम्मा गर्ने र केन्द्रमा जानकारी प्रदान गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने तथा कृषकलाई प्राविधिक सहयोग गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको सिलसिलामा अनुगमन तथा मूल्याङ्कन गरी कार्य प्रगती तथा वजेट माग गर्न कृषकलाई सहयोग गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको क्रमिक अनुगमन गरी केन्द्रमा रिपोर्टिङ्ग गर्ने,

(छ) कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन केन्द्रमा पेश गर्ने।

(७) प्याज आत्मनिर्भर कार्यक्रम अन्तर्गत क्षमता अभिवृद्धी तालिम, गोष्ठी, भ्रमण, प्रकाशन कार्यक्रममा देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ :-

(क) कृषकको क्षमता अभिवृद्धी गर्न गानो तथा बीउ उत्पादन प्रविधी सम्वन्धी तालिमहरु सञ्चालन गरिनेछ ।

(ख) कृषक तथा प्राविधिकलाई प्रेरणा प्रदान तथा प्राविधिक ज्ञान अभिवृद्धीको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवलोकन भ्रमणहरु सञ्चालन गरिनेछ ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

परिच्छेद-४

अनुदान प्रवाह विधी

११. **अनुदान प्रवाह विधी:** (१) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम छनौट भएका अनुदानग्राहीलाई स्वीकृत वार्षिक कार्यक्रम बजेटको परिधिभित्र रही नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम अनुदान उपलब्ध गराईनेछ ।

(२) उपदफा (२) बमोजिमको अनुदान रकम उपलब्ध गराउने सम्वन्धमा गरिने सम्झौता एवं अनुदान प्रवाह विधि नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

(३) यस कार्यक्रम सञ्चालन प्रकृया अनुसार अनुदानग्राहीले सम्झौतामा भएका कम्तीमा ५० प्रतिशत कार्य सम्पन्न गरी नेपाल सरकारले तोकेको विधी अनुसार प्राप्त बिल र स्वीकृत कार्य सम्पन्न प्रतिवेदनको आधारमा दफा ८ अनुसार बनेका कार्यक्रम मूल्याङ्कन समिति वा "कार्यक्रम कार्यान्वयन समिति" वा उप-समितिको स्थलगत प्रतिवेदन र सिफारिशको आधारमा सम्झौतामा उल्लेख भएको प्रथम किस्ता बापतको अनुदान रकम उपलब्ध गराईनेछ ।

(४) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराएपछि सम्झौता बमोजिमको बाँकी रकम अनुदानग्राहीले कार्यसम्पन्न गरी उत्पादन विक्रि योग्य भएपछि वा विक्री गरिसकेपछी सोही समितिको स्थलगत प्रतिवेदन र सिफारिशको आधारमा उपलब्ध गराईनेछ ।

(५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिए बमोजिमका सम्पूर्ण कार्य सम्पन्न भएपछि मात्र सम्झौता बमोजिमको अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन ।

(६) उपदफा (४) बमोजिम उपलब्ध गराईने अनुदानका हकमा सोही बमोजिम सम्झौता गरिनेछ ।

(७) उपदफा (१) र (२) बमोजिमको अनुदान रकम अनुदानग्राहीको बैंक खातामा भूक्तानी गरिनेछ।

(८) अनुदान सम्झौताको कूल रकमको बढीमा २% (दुई प्रतिशत) रकम कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ । यसरी कट्टा गरिएको रकम कागज पत्र तयारी, वैठक भत्ता, फाइलिङ्ग, प्रस्ताव मूल्याङ्कन पारिश्रमिक आदीमा केन्द्र वा फार्म केन्द्रले खर्च गर्नेछ।

प्रसाद पौडेल
निर्देशक

## परिच्छेद-५

### कार्यक्रम अनुगमन तथा निरीक्षण

११. **अनुगमन तथा निरीक्षण व्यवस्था:** (१) यस कार्यक्रम सञ्चालन प्रकृया अनुसार गरिएका कार्यहरुको अनुगमन कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, केन्द्र, फार्म केन्द्र लगायत सम्वन्धित सरोकारवाला कार्यालयहरुले संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निरीक्षणका क्रममा दिईएका सुझाव कार्यान्वयन गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

## परिच्छेद-६

### विविध

१२. **अनुदानग्राहीले पालना गर्नुपर्ने विषयहरुः** यस कार्यक्रम सञ्चालन प्रकृया अनुसार कार्यक्रममा सहभागी हुने अनुदानग्राहीले देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछ :-

(क) अनुदानग्राहीले प्रस्ताव अनुसारका क्रियाकलाप झल्कने गरी होर्डिङ्ग वोर्ड राख्नुका साथै गरिने सम्पूर्ण कार्यको अभिलेख दुरूस्त राख्नुपर्नेछ ।

(ख) प्रत्येक अनुदानग्राही कृषक समूह, सहकारी तथा फार्मले उत्पादन योजना, उत्पादन सामग्री जस्तै बीउ, मल, विषादी आदीको श्रोत, किसिम र परिमाण, तथा प्रयोग गरिएको समय र पटक, उत्पादन गरिएको जात, उत्पादन र विक्रि परिमाण, विक्रि गरिएको स्थान लगायतका अन्य उत्पादन क्रियाकलापहरुको विवरण समावेश गरी अभिलेख राख्नुपर्नेछ र उक्त अभिलेख केन्द्र वा फार्म केन्द्र मार्फत केन्द्रमा पेश गर्नुपर्नेछ ।

(ग) कार्य सञ्चानलका क्रममा अनुगमनमा खटिएका निकायको लिखित निर्देशन पालना गर्नुपर्नेछ साथै अभिलेख देखाउने दायित्व अनुदानग्राहीको हुनेछ ।

(घ) अनुदानग्राहीले अनुदान प्राप्त गर्न छोडेको कम्तीमा ५ वर्ष सम्म प्याज गानो तथा वीउ उत्पादनलाई निरन्तरता दिनुपर्नेछ ।

(ङ) अनुदानग्राहीले बाली बीमा र उत्पादन विक्री गर्ने कार्य आफैले गर्नुपर्नेछ ।

(च) अनुदानग्राहीले प्याज गानो वजारीकरण गर्दा कृषक समूह, सहकारी वा फार्मको विवरण खुल्ने गरी बोरामा स्वघोषणाद्वारा लेवलिङ्ग गरिएको हुनुपर्नेछ ।

(छ) अनुदानग्राहीले प्याज वीउ बजारीकरण गर्दा प्रमाणिकरण गरेको बीउलाई टयागिङ्ग र लेवलिङ्ग गरेको हुनुपर्नेछ ।

...प्रसाद पौडेल
...निर्देशक

१३. <u>कारवाहीको व्यवस्थाः</u> (१) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा वा कार्यक्रम निरन्तर नगरेको पाइएमा वा खर्च रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी प्रचलित व्याज सहित असुल उपर गरिनेछ ।

१४. <u>प्रचलित कानून लागु हुनेः</u> (१) यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यसै कार्यक्रम सञ्चालन प्रकृया बमोजिम कार्यान्वयन हुनेछ। यस कार्यक्रम सञ्चालन प्रकृयामा उल्लेख नभएका विषयहरु प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

१५. <u>संशोधन एवम् खारेजीः</u> (१) कृषि विभागले यस कार्यक्रम सञ्चालन प्रकृयामा आवश्यक परिमार्जन एवं संशोधन र खारेज गर्न सक्नेछ।

प्रसाद पौडेल
निर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

अनुसूची -१

(दफा ७ को उपदफा (१) सँग सम्वन्धित)

सूचनाको नमूना

प्याज आत्मनिर्भर कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आवह्वानको सूचना

सूचना । सूचना ।। सूचना ।।।

यस ............................................................ केन्द्रको आर्थिक बर्ष २०.... / ..... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **"प्याज आत्मनिर्भर कार्यक्रम"** सञ्चालन गर्ने "प्याज आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया, २०७६" अनुसार तोकिएको योग्यता पूरा गर्ने इच्छुक समूह, सहकारी वा फार्महरुहरुबाट प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र ............................................................ केन्द्रमा अनुसूची-२ मा उल्लेख भएका कागजातसहितको आवेदन एवं अनुसूची-३ बमोजिमको व्यवसायिक योजना पेश गर्नुहुन अनुरोध छ । थप जानकारीका लागि ............................................................ केन्द्रमा वा फोन नं. ..................................मा कार्यालय समयभित्र सम्पर्क गर्न सक्नुहुनेछ ।

प्रसाद पौडेल
महानिर्देशक

अनुसूची-२
(दफा ७ को उपदफा (२)२सँग समवन्धित)
आवेदन फारामको ढाँचा

मितिः

श्रीमान् प्रमुख ज्यू,
........................................................................ केन्द्र,
........................................................................ ।

विषयः "प्याज आत्मनिर्भर कार्यक्रम" मा सहभागी हुन पाउँ भन्ने सम्बन्धमा ।

महोदय,
प्रस्तुत विषयमा तहाँ केन्द्र बाट मितिः................................................ गतेको सूचना प्रकाशन भई "प्याज आत्मनिर्भर कार्यक्रम" गर्नका लागि माग भए बमोजिम ............................................. कार्यक्रममा अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत (आवेदकको नाम तथा ठेगाना) ................................................ ले सञ्चालन गर्ने ................................................उत्पादनको व्यवसायिक योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिमका व्यवसायिक क्रियाकलापका लागि जम्मा रकम रु....................................../(अक्षरेपी ........................................................................) को व्यवसायिक योजना तयार गरी कार्यक्रम सञ्चालन प्रकृया बमोजिम आवश्यक अन्य काजगात सहित अनुदान सहयोगको लागि पेश गरेको छु/छौं । व्यवसायिक योजनामा उल्लेख भएको कूल बजेट मध्ये तहाँ केन्द्र बाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ................................... (अक्षेरुपी..........................................) बाहेकको अन्य रकम (आवेदकको नाम ) ...................................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु.......................................... (अक्षरेपी..........................................) बराबरको योगदान गर्न सहमत रहेको हुदा तहाँ केन्द्रबाट सन्चालन हुने यस कार्यक्रममा छनौट हुन पाउँ भनी अनुरोध गर्दछु/गर्दछौं । साथै उक्त कार्यको लागि तपसिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरु**

(१) रु. १० को टिकट टाँसेको अनुसूची-२ अनुसारको निवेदन ।
(२) दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।
(३) आवेदकको कार्यसमितिको बैठकले प्याज आत्मनिर्भर कार्यक्रमको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपी।
(४) कम्तीमा पाँच वर्ष प्याज गानो तथा वीउ उत्पादन गर्ने कृषकहरुको प्रतिवद्धता जायर भएको र जग्गाको विवरण सहितको कृषकहरुसँग समूह/सहकारीले गरेको सम्झौता पत्र।
(५) लिजमा लिएको जमीनको कानून व्यवसायीले प्रचलित कानून अनुसार तयार गरेको करार पत्र।
(६) डिजाइन तथा लेआउट एव मेशिनरीको प्रकार मूल्य सहितको आपूर्तिकर्ताको कोटेशन / इष्टिमेट।
(७) प्रस्तावित जमीनमा सडक, पानी तथा विजुली रहे नरहेको प्रमाण / प्रमाणित कागजात
(८) आवेदकसँग रहेको लगानीका श्रोतहरुको आधार ।
(९) अनुसूची-३ अनुसारको व्यवसायिक योजना ।

निवेदक

आवेदकको नामः
ठेगानाः
पदः
छापः

प्रसाद पौडेल
निर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची -३

(दफा ७ को उपदफा (२) संग सम्वन्धित)

## प्रस्तावको नमूना

१. प्रस्तावक समूह, सहकारी वा फार्मको नाम:

२. प्रस्तावकको ठेगाना:

३. संस्थाको परिचय तथा अनुभव विवरण (गरिरहेको कार्य विवरण तथा तालिम विवरण):

४. सदस्य संख्या:

५. कार्यक्रम कार्यान्वयनको लागि जिम्मेवार व्यक्ति:

६. प्रस्तावित जग्गाको क्षेत्रफल:

६.१ सदस्यको

| क.स. | नाम थर | परिवार सदस्य | जम्मा जग्गा | कार्यक्रममा समावेश जग्गा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

६.२ करारमा लिएको

| क.स. | नाम थर | परिवार सदस्य | जम्मा जग्गा | कार्यक्रममा समावेश जग्गा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. प्रस्तावित क्षेत्रमा सिंचाइ सुविधाको विवरण:

८. प्रस्तावित क्षेत्रमा सडक सुविधाको विवरण:

९. प्रस्तावित क्षेत्रमा विजुली सुविधाको विवरण:

१०. प्रस्तावित योजना

| क.स. | विवरण | परिमाण | दर (रु.) | जम्मा (रु.) | अनुदान (रु.) | आफ्नो लगानी (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| पुँजीगत संरचना | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| मेशीनरी औजार | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रसाद पौडेल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| चाँलु खर्च | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| अन्य खर्च | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| कूल जम्मा | | | | | | | |
| प्रतिशत | | | | | | | |

११.प्रस्तावित यान्त्रिकरणको लागि मेशिनहरुको विवरण तथा स्पेशिफिकेशन (हाल के कस्ता खालका मेशिनहरु प्रयोग भई रहेका छन्, तिनीहरुको विवरण तथा यस कार्यक्रममा उल्लेखित मेशीनहरु के कसरी प्रयोग गर्ने, कति क्षमताको खरीद गर्ने, स्वामित्व कस्को हुने लगाएतका विस्तृत विवरण राख्ने।)

१२. बालीपात्रो तयारी: यसमा प्याज गानो तथा बीउ उत्पादनको लागि गरिने बार्षिक कृषि-कर्महरुको विवरण तयार गर्ने।

| कृषि-कर्मको विवरण | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

१३.अनुमानित आय विवरण

| क.स. | विवरण | उत्पादन परिमाण | विक्रि दर (रु.) | जम्मा आम्दानी (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१४.सदस्यहरुको प्रतिवद्धता विवरण

१५. संवन्धित संस्थाहरुको सहयोग तथा सिफारिश

१६. लगानी प्रतिवद्धताको विवरण

## अनुसूची-४

(दफा ८ को उपदफा (२) संग सम्वन्धित)

### प्रस्ताव मूल्याङ्कनका आधारहरु

प्रस्तावको मूल्याङ्कनका आधारहरु देहाय वमोजिम हुनेछ:-

| क.स. | आधारहरु | अंक भार |
|---|---|---|
| १ | प्रस्तावको आर्थिक पक्ष | १० |
| २ | प्रस्तावको प्राविधिक पक्ष | १० |
| ३ | अनुदानग्राहीको प्याज खेतीमा अनुभव | १० |
| ४ | अनुदानग्राहीको लगानीमा सुनिश्चितता | १० |
| ५ | स्थलगत अनुगमन | |
| ५.१ | वजारमा पहुँच | २० |
| ५.२ | जमीनको उपयुक्तता | २० |
| ५.३ | सिंचाईको उपलब्धता | २० |

नोट: प्रस्तावको मूल्याङ्कनको क्रममा दफा ७ को उपदफा (३) वमोजिम न्यूनतम योग्यता नपुगेका र स्थलगत अनुगमनको क्रममा प्रस्ताव गरिएको स्थान प्राविधिक दृष्टिकोणबाट उत्पादनको लागि अनुपयुक्त पाईएमा त्यस्तो प्रस्तावहरू स्वत रद्द हुनेछन्।

अनुसूची-५

( दफा ९ संग सम्वन्धित)

प्रतिबद्धता-पत्रको ढाँचा

.............................................. केन्द्रको मिति २०७................/....................../ को सूचना अनुसार **"प्याज आत्मनिर्भर कार्यक्रम"** मा सहभागी हुन इच्छुक भई सो कार्यक्रममा सहभागीताको लागि प्रस्ताव सहितको आवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा प्रस्तावमा उल्लेख भए बमोजिमको कार्य गरी कम्तीमा ५ (पाँच) बर्ष सम्म निरन्तरता दिनेछु/छौं । प्रस्ताव अनुसारको कार्य नगरेमा वा ५ (पाँच) बर्ष अगावै सो कार्यहरु बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौ । अन्यथा ऐन/ कानून बमोजिम सहुला/बुझाउँला। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौ ।

इति सम्बत् २०७................../.........................../.......................गते रोज .................................. शुभम् ।

नामः

ठेगानाः

दस्तखतः

मितिः

छापः

| दायाँ | बायाँ |
|---|---|
| | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची -६

( दफा ९ संग सम्वन्धित)

### "प्याज आत्मनिर्भर कार्यक्रम" लागि दुई पक्षीय सम्झौता

यो सम्झौता (यसपछि "सम्झौता" भनिएको) मिति २०७..... साल ......... महिनाको ....... गतेका दिन .................... केन्द्र (यसपछि "...................." प्रथम पक्ष भनिएको) र (अनुदानग्राहीको नाम तथा ठेगाना)............................(यसपछि "अनुदानग्राही" द्वितिय पक्ष भनिएको) बीच "प्याज आत्मनिर्भर कार्यक्रम" सञ्चालन गरी .................... उत्पादन तथा बजारीकरण कार्यका लागि देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ । यो सम्झौंता दुबै पक्षहरुबाट हस्ताक्षर भएपछि यसै सम्झौताको दफा ३ मा उल्लेख भएको मिति देखि लागु हुनेछ ।

१. सम्झौतामा संलग्नहरुको विवरणः

केन्द्रः नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि विभाग, ........... ........... ........... ........... (यसपछि ........... भनिएको) ले यो सम्झौता कार्यान्वयनमा प्रथम पक्षको भूमिका निर्वाह गर्नेछ ।

अनुदानग्राहीः ............. जिल्ला, ...........म.न.पा / उ.म.न.पा / न.पा./गा.पा. वा.न. ............. स्थायी निवासी, श्री (बाजेको नाम).......................... को नाति, श्री....(बुबाको नाम) .................. ......को छोरा श्री (अनुदानग्राहीको नाम) ........................................... .... का संचालक श्री (प्रोप्राइटरको नाम)................................. (यसपछि अनुदानग्राही भनिएको) ले यो सम्झौता कार्यान्वयनमा द्वितिय पक्षको भूमिका निर्वाह गर्नेछ।

२. सम्झौता गरिएको कामको विवरण

"प्याज आत्मनिर्भर कार्यक्रम" अन्तर्गत ..................................उत्पादन तथा बजारीकरण गर्ने प्रस्ताव ........ केन्द्रले स्वीकृत गरेको छ । यसले ........ केन्द्र र अनुदानग्राहीका बीच भए गरेका र सहमत भएका पछिल्ला सेवा तथा शर्तहरु समेतलाई यसपछि उप-आयोजना भनिनेछ ।"प्याज आत्मनिर्भर कार्यक्रम सञ्चालन प्रकृया २०७६" अनुसूची-७ र ८ मा उल्लेखित स्पेशिफिकेसन विवरण अनुसारको क्रियाकलाप द्वितिय पक्षले गर्नुपर्नेछ ।

३. उपआयोजनाको समयावधि

यो सम्झौता अनुसार अनुदान प्राप्त उप-आयोजना ........ महिनाका लागि कार्यान्वयन गरिनेछ र सम्झौता भएको मितिले सम्झौता अनुसारका क्रियाकलापहरु १५ दिनभित्र शुरु गर्नुपर्नेछ । विशेष परिस्थितिमा सामान्यतया दुवै पक्षको समझदारीमा लिखित सहमतिको परिशिष्ट सहित यो सम्झौताको अवधि थप वा घट हुन सक्नेछ । उपरोक्त अनुसारको सहमती नभएसम्मका लागि यो उपआयोजनाको अवधि निम्नानुसार हुनेछ ।

| | |
|---|---|
| शुरु मिति: | |
| सम्पन्न हुने मिति: | |

प्रसाद पौडेल
निर्देशक

४. उपआयोजनाको कुल लागत तथा अनुदान विवरण

उपआयोजनाको कुल लागत अनुमान रु. ………………….(अक्षरेपी ……………. रुपैयाँ मात्र) रहेको छ जस मध्ये ……….केन्द्रले तालिकामा उल्लेख गरीए अनुसार कन्टिनजेन्सी रकम कट्टी गरी कुल रु. …………………(अक्षरेपी ……………. रुपैयाँ मात्र) अनुदान उपलब्ध गराउनेछ ।

तपिशल

| क स | विवरण | जम्मा वजेट (रु.) |
|---|---|---|
| १ | पुँजिगत संरचना | |
| २ | मेशिनरी औजार | |
| ३ | चालु तथा अन्य | |
| | कूल लागत | |
| ४ | आवेदकले व्यहोर्ने रकम | |
| ५ | जम्मा अनुदान रकम | |
| ५ | कट्टी गर्ने कन्टिन्जेन्सी रकम | |
| ६ | केन्द्रवाट द्वितिय पक्षलाई उपलब्ध गराईने खुद अनुदान रकम | |

५. अनुदान प्रवाह तथा समायावधी

प्रथम पक्षले द्वितिय पक्षलाई बढीमा २ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनेछ । द्वितिय पक्षले सम्झौता बमोजिमको कम्तीमा ५० प्रतिशत कार्य सम्पन्न गरी नेपाल सरकारले तोकिएको कार्यविधि अनुसार प्राप्त बिल र स्वीकृत कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि …………… समितिको स्थलगत प्रतिवेदन र सिफारिसको आधारमा केन्द्रवाट द्वितिय पक्षलाई उपलब्ध गराईने खुद अनुदान रकमको ५० प्रतिशत रकम अनुदान बापत उपलब्ध गराईनेछ । सम्झौता बमोजिमको बाँकी रकम अनुदानग्राहीले कार्यसम्पन्न गरी उत्पादन विक्रि योग्य भएपछि वा विक्रि गरिसकेपछी फाइनल विल सहितको सम्पन्न प्रतिवेदन पेश गरेपछि सोहि समितिको स्थलगत प्रतिवेदन र सिफारिसको आधारमा उपलब्ध गराईनेछ ।

अनुदान रकम अनुदानग्राहीको बैक खातामा उपलब्ध गराइनेछ र अनुदानग्राहीको बैंक खाता विवरण निम्न बमोजिम हुनेछ र यदि सम्झौता अवधिमा यी विवरणहरुमा कुनै परिवर्तन भएमा ………केन्द्रलाई जानकारी गराउनु पर्नेछ ।

बैक खाताको विवरण

बैकको नाम र ठेगानाः

बैक खाता नः

बैक खाताको किसिमः

खाता संचालकको नाम तथा पदः

६. सम्झौता भएपछि द्वितिय पक्षले नेपाल सरकारको लोगो सहित उपआयोजनाको लागत र अनुदान रकम उल्लेख गरी ५ x ६ फिटको होर्डिंग बोर्ड सबैले देखे गरी उप-आयोजना स्थलमा राख्नुपर्नेछ । कार्य सम्पन्न भएपछि द्वितिय पक्षले सार्वजनिक सुनुवाई गर्नुपर्नेछ र उक्त सार्वजनिक सुनुवाईको माइनुटको रेकर्ड केन्द्रमा पठाउनुपर्नेछ ।

७. कन्टिन्जेन्सी रकम कट्टी
प्रथम पक्षले उपआयोजना संचालनका लागि बिनियोनित अनुदान रकम मध्येबाट २ प्रतिशतका दरले कन्टीन्जेन्सी रकम कट्टी गरी बाँकी रकम भुक्तानी गर्नेछ ।

प्रथम पक्ष

नामः

पदः

संस्थाको नाम र ठेगानाः

मितिः

हस्ताक्षरः

द्वितिय पक्ष

नामः

पदः

संस्थाको नाम र ठेगानाः

मितिः

हस्ताक्षरः

<u>साक्षीहरु</u>

नामः

पदः

संस्थाको नाम र ठेगानाः

मितिः

हस्ताक्षरः

नामः

पदः

संस्थाको नाम र ठेगानाः

मितिः

हस्ताक्षरः

प्रसाद पौडेल
निर्देशक

अनुसूची

(दफा १० को उपदफा सँग सम्वन्धित)

## ५ हेक्टर जमीनमा खेतीका लागि क्रियाकलाप र खर्च अनुमान

५ हेक्टरमा प्याज गानो उत्पादनको लागि अनुमानित खर्च (रु.)

| | | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क स | विवरण | इकाइ | परिमाण | दर | जम्मा रकम | जम्मा रकम | जम्मा रकम | जम्मा रकम | जम्मा रकम | कैफियत |
| नर्सरी | कार्तिक | | | | | | | | | |
| १ | वीउ | केजी | ५० | १००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | |
| २ | नर्सरीका लागि जाली सहितको प्लास्टिक घर | व मि | १००० | ३८० | ३८०००० | ० | ० | ० | ० | |
| ३ | सिचाँइको लागि ट्याक तथा पाइप | लस | २ | १५००० | ३०००० | ० | ० | ० | ० | |
| ४ | ज्यामी मल विषादी | लस | १ | २५००० | २५००० | २५००० | २५००० | २५००० | २५००० | |
| | | | | | ४८५००० | ७५००० | ७५००० | ७५००० | ७५००० | |
| गानो उत्पादन | | | | | ० | | | | | |
| ५ | जग्गा तयारीका लागि म्यान पावर | संख्या | १५ | ७५० | ११२५० | ११२५० | ११२५० | ११२५० | ११२५० | |
| ६ | जग्गा तयारीका लागि पावर टिलर खरीद | संख्या | १ | १९०००० | १९०००० | ० | ० | ० | ० | |
| ७ | ड्याँग वनाउने एसेसरी खरीद | संख्या | १ | ६५००० | ६५००० | ० | ० | ० | ० | |
| ८ | प्लाष्टिक मल्चिगका लागि प्लास्टिक खरीद्व २५ माइक्रोन ४ हेमा ट्रायल | व मि. | १५००० | १० | १५०००० | ० | ० | ० | ० | |
| ९ | प्लाष्टिक मल्चिगका लागि एसेसरी खरीद | संख्या | १ | ६५००० | ६५००० | ० | ० | ० | ० | |
| १० | कम्पोष्ट मल | केजी | १५००० | २ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | |
| ११ | यूरिया | केजी | १८०० | २० | ३६००० | ३६००० | ३६००० | ३६००० | ३६००० | |
| १२ | डिएपी | केजी | २००० | ४५ | ९०००० | ९०००० | ९०००० | ९०००० | ९०००० | |
| १३ | पोटास | केजी | ६७५ | ३५ | २३६२५ | २३६२५ | २३६२५ | २३६२५ | २३६२५ | |
| १४ | सूक्ष्म खाद्यतत्व | केजी | ७५ | २०० | १५००० | १५००० | १५००० | १५००० | १५००० | |
| १५ | विषादी | केजी/लिटर | ७५ | ५०० | ३७५०० | ३७५०० | ३७५०० | ३७५०० | ३७५०० | |



सूर्य प्रसाद पौडेल
महानिर्देशक

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | व्यवस्थापन ज्यामी | संख्या | १२५ | ७५० | ९३७५० | ९३७५० | ९३७५० | ९३७५० | ९३७५० | |
| १७ | सिचाँइको वोरिङ | संख्या | १ | [illegible] | [illegible] | ० | ० | ० | ० | |
| १८ | विजुली | लस | १ | [illegible] | ३१००० | ३१००० | ३१००० | ३१००० | ३१००० | |
| १९ | इन्धन | लस | १ | [illegible] | २५००० | २५००० | २५००० | २५००० | २५००० | |
| २० | हर्मोन | लस | १ | १२५०० | १२५०० | १२५०० | १२५०० | १२५०० | १२५०० | |
| २१ | हार्भेष्टीग ज्यामी | संख्या | १०० | ७५० | ७५००० | ७५००० | ७५००० | ७५००० | ७५००० | |
| २२ | व्यागीग | व्याग | १२५० | ३५ | ४३७५० | ४३७५० | ४३७५० | ४३७५० | ४३७५० | |
| २३ | अभिलेख राख्ने तथा प्रतिवेदन तयारी र पेश गर्ने | सख्या | १ | २५००० | २५००० | २५००० | २५००० | २५००० | २५००० | |
| | | | | | १३९४३७५ | ५४९३७५ | ५४९३७५ | ५४९३७५ | ५४९३७५ | |
| | कूल जम्मा | | | | १८७९३७५ | ६२४३७५ | ६२४३७५ | ६२४३७५ | ६२४३७५ | |

सूर्य प्रसाद पौडेल
महानिर्देशक

अनुसूची-
(दफा १० को उपदफा (३) संग सम्वन्धित)

## ५ हेक्टर जमीनमा खेतीका लागि क्रियाकलाप खर्च अनुमान

५ हेक्टरमा प्याज विउ उत्पादनको लागि अनुमानित खर्च (रु.)

| | विवरण | २०७६/७७ इकाइ | परिमाण | दर | जम्मा रकम | २०७७/७८ जम्मा रकम | २०७८/७९ जम्मा रकम | २०७९/८० जम्मा रकम | २०८०/८१ जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| …री | कार्तिक | | | | | | | | | |
| १ | बीउ | केजी | ५० | १००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | |
| २ | नर्सरीका लागि जाली सहितको प्लास्टिक घर | व मि | १००० | ३८० | ३८०००० | ० | ० | ० | ० | |
| ३ | सिचाँइको लागि ट्याक तथा पाइप | लस | २ | १५००० | ३०००० | ० | ० | ० | ० | |
| ४ | ज्यामी मल विषादी | लस | १ | २५००० | २५००० | २५००० | २५००० | २५००० | २५००० | |
| | | | | | ४८५००० | ७५००० | ७५००० | ७५००० | ७५००० | |
| | | | | | ० | | | | | |
| …नो उत्पादन | | | | | | | | | | |
| ५ | जग्गा तयारीका लागि म्यान पावर | संख्या | १५ | ७५० | ११२५० | ११२५० | ११२५० | ११२५० | ११२५० | |
| ६ | जग्गा तयारीका लागि पावर टिलर खरीद | संख्या | १ | १९०००० | १९०००० | ० | ० | ० | ० | |
| ७ | ड्याँग वनाउने एसेसरी खरीद | संख्या | १ | ६५००० | ६५००० | ० | ० | ० | ० | |
| ८ | प्लाष्टिक मल्चिगका लागि प्लास्टिक खरीद 25 माइक्रोन ४ हे मा ट्रायल | व मि | १५००० | १० | १५०००० | ० | ० | ० | ० | |
| ९ | प्लाष्टिक मल्चिगका लागि एसेसरी खरीद | संख्या | १ | ६५००० | ६५००० | ० | ० | ० | ० | |
| १० | कम्पोष्ट मल | केजी | १५००० | २ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | |
| ११ | यूरिया | केजी | १८०० | २० | ३६००० | ३६००० | ३६००० | ३६००० | ३६००० | |
| १२ | डिएपी | केजी | २००० | ४५ | ९०००० | ९०००० | ९०००० | ९०००० | ९०००० | |
| १३ | पोटास | केजी | ६७५ | ३५ | २३६२५ | २३६२५ | २३६२५ | २३६२५ | २३६२५ | |
| १४ | सूक्ष्म खाधतत्व | केजी | ७५ | २०० | १५००० | १५००० | १५००० | १५००० | १५००० | |
| १५ | विषादी | केजी वा | ७५ | ५०० | ३७५०० | ३७५०० | ३७५०० | ३७५०० | ३७५०० | |



सूर्य प्रसाद पौडेल
महानिर्देशक

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लिटर | | | | | | | | |
| १६ | व्यवस्थापन ज्यामी | संख्या | १२५ | [illegible] | ९३७५० | ९३७५० | ९३७५० | ९३७५० | ९३७५० | |
| १७ | सिचाँइको वोरिङ | संख्या | १ | ३७५०० | ३७५०० | ० | ० | ० | ० | |
| १८ | विजुली | लस | १ | ३१००० | ३१००० | ३१००० | ३१००० | ३१००० | ३१००० | |
| १९ | इन्धन | लस | १ | २५००० | २५००० | २५००० | २५००० | २५००० | २५००० | |
| २० | हर्मोन | लस | १ | १२५०० | १२५०० | १२५०० | १२५०० | १२५०० | १२५०० | |
| २१ | हार्मोनष्टीग ज्यामी | संख्या | १०० | ७५० | ७५००० | ७५००० | ७५००० | ७५००० | ७५००० | |
| २२ | व्यागीग | व्याग | १२५० | ३५ | ४३७५० | ४३७५० | ४३७५० | ४३७५० | ४३७५० | |
| २३ | अभिलेख राखे तथा प्रतिवेदन तयारी र पेश गर्ने | सख्या | १ | २५००० | २५००० | २५००० | २५००० | २५००० | २५००० | |
| | | | | | **१३९४३७५** | **५४९३७५** | **५४९३७५** | **५४९३७५** | **५४९३७५** | |
| २४ | विउ उत्पादनार्थ मल जल तथ उत्पादन व्यवस्थापन खर्च (गानो उत्पादन जस्तै) | लस | १ | ४६८१२५ | ४६८१२५ | ४६८१२५ | ४६८१२५ | ४६८१२५ | ४६८१२५ | |
| २५ | भण्डारणका लागि रस्टिक स्टोर १० मे टन क्षमता | सख्या | १ | ४८०००० | ४८०००० | ४८०००० | ४८०००० | ४८०००० | ४८०००० | |
| २६ | स्टेकिग | लस | १ | ४८५०० | ४८५०० | ४८५०० | ४८५०० | ४८५०० | ४८५०० | |
| २७ | प्रमाणिकरण खर्च | लस | १ | १५००० | १५००० | १५००० | १५००० | १५००० | १५००० | |
| २८ | थ्रेसिग फ्लोर छाना सहित | व मि | ३० | ८००० | २४०००० | २४०००० | २४०००० | २४०००० | २४०००० | |
| २९ | प्याकिग मेशीन | संख्या | १ | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | |
| ३० | प्याकिग मेटेरीयल | लस | १ | ४५००० | ४५००० | ४५००० | ४५००० | ४५००० | ४५००० | |
| ३१ | ज्यामी प्याकिग | लस | १२० | ७५० | ९०००० | ९०००० | ९०००० | ९०००० | ९०००० | |
| | | | | | **१५३६६२५** | **१०६८५००** | **१०६८५००** | **१०६८५००** | **१०६८५००** | |
| | कूल जम्मा | | | | **३४१६०००** | **१६९२८७५** | **१६९२८७५** | **१६९२८७५** | **१६९२८७५** | |

नेपाल सरकार
कृषि विभाग
हरिहर भवन, ललितपुर
२०५२

सूर्य प्रसाद पौडेल
महानिर्देशक